SitRep
#१३

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोरोना भाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बुधबार ।२९ माघ २०७६ (१२ फेब्रुअरी २०२०)

COVID-19 पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर २४ वटा अन्य देशहरूमा देखिएको रिपोर्ट गरिएको छ । यद्यपि COVID-19 केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) को र Middle East Respiratory Syndrome (MERS) को तुलनामा निकै कम छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

### विश्वभर
पुष्टी भएका केसहरू: ४३१०३
मृत्यु हुनेको संख्या: १०१८

### चीनमा
पुष्टी भएका केसहरू: ४२७०८
मृत्यु हुनेको संख्या: १०१७

### चीन बाहिर
अन्य प्रभावित देशहरु: २४
पुष्टी भएका केसहरू : ३९५
मृत्यु हुनेको संख्या: १ (फिलिपिन्स)

### WHO जोखिम निर्धारण
चीन: धेरै उच्च
क्षेत्रीय स्तर: उच्च
विश्वभर: उच्च

कुनै नयाँ देशहरूले पछिल्लो २४ घण्टामा COVID-19 का केसहरु रिपोर्ट नगरेको ।
विश्व स्वास्थ्य संगठनको Situation Report बाट (* २८ माघ २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एकजना शङकास्पद विरामीको रगत र न्यालको नमूना (throat swab) को जाँच गर्दा पुष्टि भएको र तत्पश्चात अन्य १७ वटा संकास्पद बिरामीहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा १७ जनामै रोग देखिएन । परिक्षणमा पोजेटिभ देखिएको एक व्यक्ति हाल स्वस्थ भैसकेको र निजको सम्पर्कमा रहेका व्यक्तिहरुमा कुनै लक्षण देखिएको छैन । चीनमा रहेका कुनै पनि नेपाली नागरीकमा हालसम्ममा कोरोना भाईरसको सङ्क्रमण देखिएको रीपोर्ट प्राप्त भएको छैन । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।
(* २९ माघ २०७६ सम्ममा, ४:०० बजे) सम्म

| टेष्ट पोजेटिभ | टेष्ट नेगेटिभ | जम्मा: |
|---|---|---|
| १ | १९ | २० |

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ तोकिएको छ ।
- COVID-19 सम्बन्धी सूचनामुलक सामाग्रीहरू मुख्य स्थानहरुमा वितरण गरिनुका साथै रेडियो तथा टेलिभिजन मार्फत संदेशमुलक सुचनाहरू प्रसारण गर्ने कार्यलाई निरन्तरता दिइदै आईएको छ।
- स्वास्थ्य बिषयगत क्षेत्रका सरोकारवालाहरु संग resource mapping र तयारी बारे बैठक सम्पन्न भयो |
- सिन्धुपाल्चोकको जुगल गाउँपालिकाको गुम्बामा देखिएको मौसमी रुघाखोकीको उपचार व्यवस्थापनका लागि मेडिकल अधिकृत सहितको ५ जना स्वास्थ्यकर्मीहरूको टोली खटिइसकेको छ, स्थानीय स्वास्थ्यकर्मिहरूका अनुसार कुनै पनि बिरामीहरुले चीन वा अन्य कोरोना प्रभावित देशको यात्रा गरेको नपाइएको एवम् कोरोना सङ्क्रमित व्यक्तिको संसर्गमा नरहेको, प्रभावित क्षेत्रवाट चीनतर्फ प्रवेश गर्ने सिमा-नाका नभएको पुष्टि भएको छ घाँटीको स्राब (Throat Swab) नमुना सङकलनका प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट VTM सहितको प्राविधिकलाई खटाइएको छ | मन्त्रालयले यस सम्बन्धी प्रेस बिज्ञप्ती जारी गरेको छ |
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीले छिमेकी राष्ट्र चीनको हुबेईको वुहानमा रहेका नेपालीलाई फिर्ता ल्याउनले सम्बन्धमा स्वास्थ्य मन्त्रालयको सम्पूर्ण तयारी सम्पन्न भएको बारे संसदीय समिति बैठकलाई जानकारी गराउनुभयो |
- नोभेल कोरोना भाइरस सम्बन्धी सूचना HEOC/MoHP को वेव पोर्टलमा अध्यावधिक गरीएको |

## प्रदेशबाट COVID-19 सम्बन्धी गरिएका तयारी तथा प्रतिकार्यहरु:-

- चीन तथा भारतसँगका मुख्य सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरिएकोछ; अस्पतालहरुले अस्पताल विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्ने कार्यलाई निरन्तरता दिइएका छन्; संकास्पद केस देखिएमा मन्त्रालयमा प्रतिबेदन गर्ने व्यवस्था मिलाईएकोछ; मन्त्रालयले तयार पारेका अल्गोरीदम (algorithm) र प्रोटोकल अनिवार्य रुपमा पालना गर्न निर्देशन दिईएकोछ ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ।

यस कार्यमा योगदान गर्नुहुने सम्पूर्ण निकायहरू एबम साझेदारहरूबाट प्राप्त समर्थन एवं सहयोग प्रति स्वास्थ्य तथा

**HEDMU/HEOC**
**Phone:** 01-4250845, **Fax:** 01-4250842,
**E-mail:** heocmohp@gmail.com,
**Web:** heoc.mohp.gov.np, **fb:** fb.com/HEOC

**EDCD**
**Phone:** 01-4255796, **Fax:** 01-4100266,
**E-mail:** ewarsedcd@gmail.com,
**Web:** edcd.gov.np, **fb:** fb.com/edcdnepal

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहन अनुरोध छ ।"